**संघीय संसद**

**प्रतिनिधि सभा**

# अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

**बैठक संख्या: ०१**

**(मिति: २०८०/०२/०२)**

विषय:-

१.परिचयात्मक कार्यक्रम।

२.समितिको कार्यक्षेत्र सम्बन्धमा।

## छलफल तथा निर्णय

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको आजको प्रथम बैठकमा समितिका माननीय सदस्यहरु, समितिका पदेन सदस्यहरु: माननीय परराष्ट्र मन्त्री र माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं समिति सचिवालयका कर्मचारीहरुबीच परिचयात्मक कार्यक्रम सम्पन्न भयो । त्यसपश्चात् समिति सचिवले समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार तथा समितिमा प्राप्त विधेयकका सम्बन्धमा जानकारी गराउनुभयो ।

समिति बैठकमा माननीय सदस्यहरुले निर्माणाधीन निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, नेपालको परराष्ट्र नीति एवं अन्तर्राष्ट्रिय सम्बन्ध, सीमा समस्या, भूतपूर्व गोर्खा सैनिकका समस्या, नागरिक उड्डयन, पर्यटन प्रवर्द्धन लगायतका विषयहरुमा आ-आफ्ना धारणा एवं जिज्ञासा राख्नुभयो र आएका जिज्ञासाहरुका सम्बन्धमा सम्बन्धित मन्त्रीहरुले सम्बोधन गर्नुभयो।

त्यसपश्चात् समितिको जिम्मेवारी सुव्यवस्थित ढंगले सञ्चालन गर्न तथा समितिका कामकारवाहीलाई व्यवस्थित तुल्याउन समितिको कार्यविधिको मस्यौदा तयार गर्न समिति सचिवालयलाई निर्देश गर्ने निर्णय भयो ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।